नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.: ०७७/०७८ (स.)
च.नं.: 3059

मिति: २०७७।०९।१२

**बिषय: निर्धारित समय र शर्त अनुरुप सार्वजनिक सेवा सुचारु हुने ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।
श्री सबै (१७) स्थानीय तह (न.पा./गा.पा.)
तथा
स्थानीय तह मार्फत सबै वडा कार्यालय
सिरहा ।

कोभिड-१९ संक्रमण जोखिम विधमान नै रहेको छ । भीडभाड हुन निदिई कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न यस विच जिल्ला प्रशासन कार्यालय-सिरहामा नागरिकता तथा राहदानीको सेवा लिन "दिन छुट्याई" तालिका बनाउँदा पनि तोकिएको दिन वाहिरका व्यक्ति पनि नागरिकता/राहदानी बनाउन आउने र फर्काउदा अप्ठेरो मान्ने अवस्था पनि देखिन आयो ।
उपरोक्त पृष्ठभूमि एवम् सेवा प्रवाह व्यवस्थित तुल्याउन जिल्ला प्रशासन कार्यालय-सिरहाबाट सबै सेवा २०७७ पुस १६ देखि कार्यालय समयमा देहाय अनुरुप व्यवस्थापन गरिने हुँदा सरोकारवालाहरुलाई जानकारी गराईदिन अनुरोध छ ;

१. कोभिड-१९ संक्रमणको लक्षण देखिने व्यक्तिले सेवा लिन नआई स्वास्थ्य परीक्षण गर्न अनुरोध छ ।
२. नागरिकता तथा राहदानी सम्वन्धि निवेदन सहितको कागजात कार्यालय समयको दिनको १:०० (एक) बजे भित्र पेश गरिसकेको हुनुपर्नेछ ।
    - राहदानीका लागि राष्ट्रिय परिचयपत्र दर्ताको निस्सा समेत पेश गर्नुपर्ने छ
३. कार्यालय प्रवेश गर्दा ध्यान, दिनुपर्ने विषय :
    - अनिवार्य रुपमा मास्क लगाउनुपर्ने छ ।
    - सम्वन्धित शाखा बाहिर कम्तिमा २ (दई) मिटर दुरी कायम गरी पंक्तिमा रहेको हुनु पर्दछ ।
    - औंठा छापको मसि भित्ता वा झ्याल/ढोकामा पुच्छन पाईने छैन ।
    - कार्यालय परिसरमा रहेको सावुन पानि रहेको स्थानबाट हात मुख धुन सकिने छ ।
    - शंकित विचौलिया/दलाल वा ठगको सहारा नलिई कार्यालयमा सिधै सम्पर्क गर्नुपर्ने छ । कुनै शंकित व्यक्ति भेटिएमा कार्यालयमा वा नेपाल प्रहरीको शुल्क नलाग्ने टोल फ्रि नं. १०० मा तुरुन्त जानकारी दिनुपर्ने छ ।
    - कार्यालय प्रवेश गर्ने बाटो र कार्यालय परिसरमा सुर्ति वा सुर्तिजन्य पदार्थको प्रयोग गरिएको भेटिएमा वा फोहोर फ्याकिएको देखिएमा कानून बमोजिम कारवाही हुने छ ।
    - कार्यालय परिसरमा रहेको नागरिक वडापत्र वा कार्यालयको वेवसाईट www.daosiraha.moha.gov.np बाट पनि नागरिक वडापत्र लगायतका जानकारी हासिल गर्न सकिने छ ।
    - काम सकिएपछि लेखिएका विवरण राम्ररी हेरी एकिन भए पश्चात मात्र गन्तव्य तर्फ प्रस्थान गर्न अनुरोध छ ।

प्रदीपराज कंडेल
प्रमुख जिल्ला अधिकारी